स्थानीय सरकार तथा पालिकाका पदाधिकारीहरुका निम्ति

# आधारभूत शिक्षा सम्बन्धी अभिमुखीकरण पुस्तिका


अनौपचारिक शिक्षा राष्ट्रिय स्रोत केन्द्र, नेपाल
**नेपाल सामुदायिक सिकाइ केन्द्र परियोजना**
ताल्छिखेल, ललितपुर

National Federation of UNESCO Associations in JAPAN

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

२०७९

## मन्तव्य

नेपालको संविधान २०७२ ले आधारभूत शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । देशका प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक समेत प्रदान गरिएको छ । यस सन्दर्भमा देशमा आधारभूत शिक्षा अनिवार्य र निशुल्क तोकिएको छ भने माध्यामिक तहको शिक्षा निशुल्क गरिएको छ ।

संविधान अनुसार माध्यामिक तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व र अधिकार स्थानीय सरकार- गाउँ/नगरपालिकामा रहेको छ ।

नेपालमा अझै पनि करिव ३ प्रतिशत प्राथमिक विद्यालय उमेरका केटाकेटीहरु विद्यालय जाँदैनन् । विद्यालयमा भर्ना भएका बालबालिकाहरुमध्ये आधारभूत शिक्षा (८ कक्षा) पूरा नगरी बिचमा छोड्नेहरुको संख्या पनि धेरै छ । राज्यले सबै नागरिकलाई साक्षरता, अनौपचारिक शिक्षा, पुऱ्याउनु पर्दछ भने जीवनभर सिक्ने (Lifelong Learning) अवसर प्रदान गर्नु पर्दछ ।

यस सन्दर्भमा साक्षरता, अनौपचारिक शिक्षा, जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गर्नु आवश्यक छ । समुदायमा यस्ता शिक्षा/कार्यक्रम प्रदान गर्न सामुदायिक सिकाइ केन्द्रहरु स्थापना भई संचालन भइरहेका छन् ।

समुदायमा साक्षरता/अनौपचारिक शिक्षा तथा सामुदायिक सिकाइ केन्द्रको विकासमा टेवा पुऱ्याउन स्थानीय सरकार- गाउँ/नगरपालिकाका पदाधिकारीहरु, शिक्षाका पदाधिकारीहरु, सामुदायिक सिकाइ केन्द्रका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रमको आवश्यकतालाई ध्यानमा राखी यस केन्द्र र अनौपचारिक शिक्षा राष्ट्रिय स्रोत केन्द्र, नेपालको संयुक्त प्रकाशनमा यो पुस्तिका प्रकाशन गरिएको छ ।

चूडामणि पौडेल
महानिर्देशक
शिक्षा तथा मानव स्रोत विकास केन्द

# विषय सूची


| *शीर्षक* | *पृष्ठ संख्या* |
| --- | --- |
| आधारभूत शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम | १ |
| शिक्षा : मौलिक हक | २ |
| शिक्षामा स्थानीय सरकारको भूमिका | ५ |
| शिक्षा नीति | ७ |
| आधारभूत शिक्षा | १० |
| अनौपचारिक शिक्षा | १३ |
| सामुदायिक सिकाइ केन्द्रको स्थिति र कार्य | १५ |
| सामुदायिक सिकाइ केन्द्रको झलक | १७ |
| अभिमुखीकरणका कुराहरुलाई अघि बढाउने संभावित क्रियाकलाप | २० |

स्थानीय सरकार तथा पालिकाका पदाधिकारीहरुका निम्ति

# आधारभूत शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम

## परिचय

मुलुकको शासकीय स्वरूप संघीय ढाँचामा रुपान्तरण भएसँगै आधारभूतदेखि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापकीय जिम्मेवारी पनि स्थानीय तह अर्थात् गाँउ/नगरपालिकामा स्थानान्तरण भएको छ । सो जिम्मेवारीअनुसार कार्य सम्पादन गर्न आधारभूत र माध्यमिक शिक्षाका सबै प्रकारका कार्यक्रमको योजना तर्जुमा, कार्यक्रम निर्माण, व्यवस्थापन, कार्यान्वयन, अनुगमन मूल्याङ्कन आदिका कार्यहरु स्थानीय तहबाटै सम्पन्न हुनु जरुरी छ । यी कार्यहरु सम्पन्न गर्न स्थानीय तहको सँस्थागत तथा जनशक्तिको क्षमता विकास पनि आवश्यक देखिन्छ ।

यथार्थमा, हालसम्म केन्द्रीय संरचनामार्फत् संचालन हुँदै आएका आधारभूतदेखि माध्यमिक शिक्षा अन्तरगतका विविध कार्यक्रमहरु स्थानीय तहबाट संचालन हुने भन्नु सामान्य कुरो होइन । यसका लागि स्थानीय तहलाई विविध स्रोत साधनले सम्पन्न गर्नुका साथै स्थानीय तहको क्षमता अभिवृद्धि गर्नु पनि जरुरी छ ।

प्रस्तुत अभिमुखीकरण कार्यक्रम स्थानीय सरकार- गाउँ/नगरपालिका तथा तिनका पदाधिकारीहरुको क्षमता अभिवृद्धितर्फको एउटा सानो तर महत्वपूर्ण प्रयास हो । स्थानीय तहबाट व्यवस्थित ढंगले आधारभूत शिक्षासम्बन्धी योजना तर्जुमा, कार्यक्रम निर्माण, व्यवस्थापन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका कार्यहरु सम्पन्न गर्न प्रस्तुत अभिमुखीकरण कार्यक्रमले सघाउ पुऱ्याउने अपेक्षा लिइएको छ । यो पुस्तिका वस्तुतः अभिमुखीकरण कार्यक्रम संचालनलाई सहज तुल्याउन तयार गरिएको हो ।

## अभिमुखीकरण कार्यक्रमका उद्देश्यहरु

- संविधान प्रदत्त शिक्षाका हक र अधिकारबारे स्पष्ट पार्नु ।
- शिक्षाको सम्बन्धमा संघ, प्रदेश र स्थानीय सरकारका अधिकारहरुबारे जानकारी गराउनु
- स्थानीय सरकारलाई उसको शैक्षिक भूमिकाबारे संवेदनशील र ग्रहणशील तथा जागरुक बनाउनु ।
- आधारभूत शिक्षासम्बन्धी विद्यमान नीतिहरुबारे जानकारी गराउनु ।
- आधारभूत शिक्षा संचालनका प्रचलित प्रणालीबारे परिचित गराउनु ।
- सामुदायिक सिकाइ केन्द्रको भूमिका तथा कार्यहरुबारे सजग गराउनु ।
- आधारभूत शिक्षाका सन्दर्भमा स्थानीय गाँउ/नगरपालिकाले हाल चालेका विषयहरुमा विवेचना, विश्लेषण गर्नु ।

## अभिमुखीकरण कार्यक्रमका सहभागीहरु

अभिमुखीकरण कार्यक्रममा देहाय बमोजिमका व्यक्तिहरु सहभागी हुनेछन् :

- गाँउ/नगरपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र सदस्यहरु
- गाँउ/नगरपालिकाका शिक्षा लगायत अन्य अधिकृत र कर्मचारीहरु
- कार्यक्रम सञ्चालन हुने गाँउ/नगरपालिका अन्तर्गत संचालित सामुदायिक सिकाइ केन्द्रका प्रतिनिधिहरु

**अभिमुखीकरण कार्यक्रमका क्रियाकलापहरु**

यो अभिमुखीकरण कार्यक्रम मुख्यतः विषयवस्तु प्रस्तुतीकरण, व्याख्यान र छलफल विधिमा केन्द्रित हुनेछ ।

## शिक्षा : मौलिक हक

देशको प्रचलित संविधान "नेपालको संविधान २०७२" ले शिक्षा, विशेष गरी आधारभूत शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ र देशका प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने मान्यता बोकेको छ । यससँगै नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने हक समेतको व्यवस्था गरेको छ । यी कुराहरु बाहेक संविधानले बालबालिका, महिला तथा दलित र अपांगता भएका नागरिकको शिक्षा प्राप्त गर्ने हकलाई समेत मौलिक हकको रुपमा सुनिश्चितता प्रदान गरेको छ । यी कुराहरुलाई संविधानले देहाय बमोजिम व्यवस्था गरेको पाइन्छ :

तालिका १: शिक्षासम्बन्धी मौलिक हक

| धारा | उपधारा | संविधान प्रदत्त शिक्षासम्बन्धी मौलिक हक |
|---|---|---|
| ३१ | १ | प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । |
| ३१ | २ | प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निशुल्क पाउने हक हुनेछ । |
| ३१ | ३ | अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुनेछ । |
| ३१ | ४ | दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिक निशुल्क शिक्षा पाउने हक हुनेछ । |

**महिला, बालबालिका तथा दलितको लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था**

नेपालको संविधान, २०७२ ले महिलालाई सकारात्मक विभेद (positive discrimination) अर्थात् महिलाका लागि शिक्षा लगायत अन्य सेवा सुविधामा विशेष पहुँचको व्यवस्था हुने मान्यता राखेको पाइन्छ । यसैगरी संविधानले बालबालिका तथा दलितलाई शिक्षाको अवसर पदान गर्ने कुरालाई समेत मौलिक हकको रुपमा परिभाषित गरेको छ ।

तालिका २: महिला, बालबालिका तथा दलितको शिक्षासम्बन्धी मौलिक हक

| विवरण | धारा | उपधारा | संविधान प्रदत्त मौलिक हक |
|---|---|---|---|
| महिलाको हक | ३८ | ५ | महिलालाई **शिक्षा** स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । |
| बालबालिकाको हक | ३९ | २ | प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट **शिक्षा** स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ । |
| | ३९ | ३ | प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ । |
| दलितको हक | ४० | २ | दलित विद्यार्थीलाई **प्राथमिकदेखि उच्च शिक्षासम्म** कानुन बमोजिम |

| | | | |
|---|---|---|---|
| | | | छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था गरिने छ । प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिक विशेष व्यवस्था गरिने छ । |

**राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व**

*निर्देशक सिद्धान्तः*

- संविधानको धारा ५० (१) अनुसार समानता, समावेशीकरण, सहभागिता, सामाजिक न्याय तथा स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्था संचालन गर्ने ।
- संविधानको धारा ५० (३) अनुसार सामाजिक साँस्कृतिक विविधता सम्मान गर्ने, जगेर्ना गर्ने ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा अर्थतन्त्रको विकास गर्ने ।

*राज्यका नीति :*

धारा ५१ (ज) खण्ड २ ले ले राज्यले अंगिकार गर्ने नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिहरु उल्लेख गर्दै देहायको व्यवस्था गरेको छ :

> शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने ।

यहाँ राज्यको शिक्षा क्षेत्रमा लगानी बढाउने नीतिमा जोड दिइएको छ । राज्यको लगानी बढाउने भनेको स्थानीय गाउँ/नगरपालिकाको समेत लगानी बढाउने कुरा हो, किनकि गाउँ/नगरपालिका पनि राज्यको एक अंग हो ।

*राज्यको दायित्व*

धारा ५२ अनुसार निर्देशक सिद्धान्त अनुशरण गर्दै नीतिहरु कार्यान्वयन गर्दै जानु राज्यको दायित्व हो ।

**शिक्षा सम्बन्धी हक कार्यान्वयन गराउने व्यवस्था**

संविधान बमोजिम प्रदत्त मौलिक हक कार्यान्वयन गराउने जिम्मेवारी राज्यको हो । राज्यले गर्ने कार्यहरु सरकारमार्फत् हुने गर्दछ । शिक्षा सम्बन्धी कार्य पनि सरकारले नै गर्ने हो ।

नेपालको संविधान, २०७२ को धारा ५६ अनुसार देशको संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था छ । देशमा संघीय, प्रादेशिक र स्थानीय (पालिका) गरी ३ थरीका सरकार छन् । अत : शिक्षासम्बन्धी कार्य पनि यी ३ थरीका सरकारले गर्ने हो । संविधानको धारा ५७ ले संघीय, प्रादेशिक र स्थानीय तहमा राज्य शक्तिको बाँडफाँड गरेको छ र यससँग सम्बन्धित अनुसूचीमा सरकारले गर्ने कार्य उल्लेख गरिएको छ । धारा ५७ सँग सम्बन्धित अनुसूची अनुसार संघ, प्रदेश र स्थानीय सरकारले गर्ने शिक्षासम्बन्धी कार्य देहाय बमोजिम छ :

तालिका ३: संघ, प्रदेश र स्थानीय तहले गर्ने शिक्षासम्बन्धी कार्यको संवैधानिक व्यवस्था

| सरकार | अनुसूची | क्र. सं. | कार्य |
|---|---|---|---|
| संघीय सरकार | ५ | १५ | केन्द्रीय विश्वविद्यालय<br>केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठान<br>विश्वविद्यालय मापदण्ड र नियमन<br>केन्द्रीय पुस्तकालय |

| | | | |
|---|---|---|---|
| प्रदेश सरकार | ६ | ८ | प्रदेश विश्वविद्यालय, उच्चशिक्षा<br>पुस्तकालय, संग्रहालय |
| स्थानीय सरकार | ८ | ८ | आधारभूत शिक्षा<br>माध्यमिक शिक्षा |

**विचार, मंथन गर्नुपर्ने कुरा**

शिक्षा सम्बन्धी मौलिक हक सुनिश्चित गर्न स्थानीय सरकार- गाँउ/नगरपालिकाले हाल के के गर्दै छन्?

# शिक्षामा स्थानीय सरकारको भूमिका

शैक्षिक व्यवस्थापन एक विशिष्टीकृत कार्य हो । शिक्षा र शैक्षिक गतिविधिको उचित व्यवस्थापनबाट नै शिक्षाका उद्देश्य प्राप्त गर्न सकिन्छ । शिक्षा वा शैक्षिक व्यवस्थापनमा पठन पाठन, सामग्री, स्थान तथा शिक्षक व्यवस्थापन आदि सबै विषय पर्दछन् । यस बाहेक विद्यार्थीको परीक्षा संचालन गर्नु पनि व्यवस्थापनको एक महत्वपूर्ण पाटो हो । देश संघीय ढाँचामा प्रवेश गरेपछि स्थानीय सरकारलाई शिक्षा र शैक्षिक व्यवस्थापनसम्बन्धी महत्वपूर्ण जिम्मेवारी दिइएको छ । यो आलेखमा यिनै कुराहरुलाई दर्शाउने जमर्को गर्नुका साथै स्थानीय सरकारले शिक्षाका विभिन्न क्षेत्रमा के गरिरहेका छन् र के गर्नु पर्ला भनी चिन्तनका लागि छलफल गर्न खोजिएको छ ।

## स्थानीय सरकारको शैक्षिक भूमिका

प्रचलित संवैधानिक व्यवस्था अनुसार गाउँ/नगरपालिकाको मुख्य भूमिका वा दायित्व आधारभूत र माध्यामिक शिक्षा व्यवस्थापन र संचालन गर्नु हो । यो कार्य सम्पादन गर्न प्रचलित *स्थानीय सरकार संचालन ऐन, २०७४(दफा ११ (२) को ज)* ले गाउँ/नगर पाललिकाले २३ थरीका कायहरु गर्नुपर्ने व्यवस्था गरेको छ । ती कार्यहरु सफलतापूर्वक व्यवस्थापन र संचालन गर्न गाउँ/नगरपालिकाले देहायका कार्यहरु गर्नु पर्दछ :

तालिका ४: स्थानीय सरकार-गाँउ/नगरपालिका ले गर्ने शिक्षासम्बन्धी कार्यहरु

| गर्नुपर्ने कार्यहरु | स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएका कार्यहरु |
|---|---|
| नीति, नियम, कानुन र मापदण्ड निर्धारण तथा कार्यान्वयन | - प्रारम्भिक बाल विकास र शिक्षा<br>- आधारभूत शिक्षा<br>- अभिभावक र अनौपचारिक शिक्षा<br>- खुला तथा बैकल्पिक र निरन्तर शिक्षा तथा सामुदायिक सिकाइ<br>- विशेष शिक्षा |
| योजना तर्जुमा वा निर्माण | - प्रारम्भिक बाल विकास र शिक्षा<br>- आधारभूत शिक्षा<br>- अभिभावक र अनौपचारिक शिक्षा<br>- खुला तथा बैकल्पिक र निरन्तर शिक्षा तथा सामुदायिक सिकाइ<br>- विशेष शिक्षा<br>- प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम<br>- विद्यालय नक्शांकन, अनुमति र स्वीकृति, समायोजन |
| व्यवस्थापन र संचालन | - सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय (स्थापना समेत)<br>- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम<br>- गाउँ/नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन र व्यवस्थापन<br>- विद्यालयको नामाकरण<br>- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन<br>- शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान<br>- सामुदायिक विद्यालयको पूर्वाधार निर्माण, मर्मत संभार<br>- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्ति |

| | |
|---|---|
| | - अतिरिक्त क्रियाकलाप<br>- पुस्तकालय र वाचनालय |
| अनुगमन, मूल्याङ्कन र नियमन | - प्रारम्भिक बाल विकास र शिक्षा<br>- आधारभूत शिक्षा<br>- अभिभावक र अनौपचारिक शिक्षा<br>- खुला तथा बैकल्पिक र निरन्तर शिक्षा र सामुदायिक सिकाइ<br>- विशेष शिक्षा<br>- मातृभाषामा संचालित कार्यक्रम<br>- आधारभूत तहको परीक्षा<br>- निजी तवरले संचालित ट्यूशन र कोचिङ्ग कक्षाहरु<br>- माध्यमिक तह सम्मको शैक्षिक कार्यक्रम<br>- सामुदायिक विद्यालयलाई प्रदान गर्ने अनुदान, बजेट, विद्यालयको आय-व्यय र लेखा<br>- विद्यालय नियमन |
| शैक्षिक गुणस्तर, परीक्षा र मूल्याङ्कन | - विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्री वितरण<br>- शिक्षण सिकाइ<br>- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन<br>- आधारभूत तहको परीक्षा संचालन र व्यवस्थापन |
| क्षमता अभिवृद्धि | - शिक्षक तथा कर्मचारीको तालिम तथा क्षमता विकास |
| तथ्याङ्क संकलन र व्यवस्थापन | - शैक्षिक तथ्याङ्क र अभिलेख संकलन र व्यवस्थापन (ऐनको दफा ११ अनुसार) |

**वडाको शैक्षिक भूमिका**

उक्त ऐनको दफा १२ उपदफा २ (ग) ले वडा समितिलाई देहाय बमोजिमको शैक्षिक काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ :

- अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र संचालन र व्यवस्थापन ।
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लब तथा बाल सञ्जालको संचालन र व्यवस्थापन ।
- अन्तर विद्यालय खेलकुद कार्यक्रम संचालन गर्ने गराउने ।

## विचार, मंथन गर्नुपर्ने कुरा

**आधारभूत शिक्षाको सन्दर्भमा गाँउ/नगरपालिकाको भूमिका र सक्रियता कस्तो छ ?**

**१३ वर्ष सम्मका बालबालिकाको आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्न गाँउ/नगरपालिकाले हाल के के गर्दै छन् ?**

**गाँउ/नगरपालिकाले आधारभूत शिक्षासम्बन्धी अन्य के कस्ता कार्यक्रम संचालन गर्दै छ ?**

**अनौपचारिक शिक्षा र सामुदायिक सिकाइ केन्द्रका सम्बन्धमा वडाले गरेका कार्यहरु के के हुन् ?**

# शिक्षा नीति

देश विकासका निम्ति शिक्षा महत्वपूर्ण पूर्वाधार मानिन्छ । शिक्षाले व्यक्तिमा असल गुण, योग्यता, क्षमता, प्रतिस्पर्धी भावना, उत्पादन र उद्यमशीलता जस्ता गुण उत्पन्न गर्दछ । राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि यस्ता जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । देशमा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षा क्षेत्रमा कार्य गर्ने सन्दर्भमा मार्गदर्शन गर्ने अभिलेख देशको शिक्षा नीति हो । आधारभूत शिक्षाको सन्दर्भमा देशले अंगिकार गरेको प्रचलित नीतिबारे जान्न देहायका नीतिहरुको अध्ययन जरुरी छ :

**राष्ट्रिय शिक्षा नीति, २०७६**

लामो समयको प्रयास र लगानीबाट देशको शिक्षाक्षेत्रमा आशातीत परिवतर्नहरु देखिन थालेका छन् । विद्यालय भर्ना र साक्षरता दर बढ्दो छ । मुलुकभर ३५ हजार भन्दा बढी विद्यालयहरू सञ्चालनमा रहेका छन् । शिक्षामा पहूँच बढाउन वैकल्पिक तथा खुला शिक्षाका अवसरहरू उपलब्ध छन् । अभिभावकको लगानीमा निजी क्षेत्रले समेत विद्यालय शिक्षामा करिब २३ प्रतिशत विद्यार्थीहरूलाई सेवा प्रदान गरिरहेको स्थिति छ । यी प्राप्तीहरुलाई सुनिश्चित गर्दै शैक्षिक क्षेत्रको विकासमा अझ् बढी सफलता प्राप्त गर्न, प्रत्येक व्यक्तिको आधारभूत तथा मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न 'राष्ट्रिय शिक्षा नीति, २०७६' लागु गरिएको छ । उक्त नीतिले आधारभूत र अनौपचारिक शिक्षा सम्बन्धमा देहायको उद्देश्य, रणनीति, नीति तथा कार्यनीति लिएको छ :

*उद्देश्य*

- आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु ।
- नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु ।
- औपचारिक (Formal), अनौपचारिक (No-formal) र अरीतिक (Informal) शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता (Equivalency), गतिशिलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु ।

*रणनीति*

उक्त उद्देश्यहरु प्राप्त गर्न देहायका रणनीति अवलम्बन गरिएको छ :

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न सबै बालबालिकालाई विद्यालय भर्ना गराउने एवं भर्ना भएका सबैलाई अध्ययनमा निरन्तरता दिने र गुणस्तर अभिवृद्धिका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्बन गर्ने ।
- सान्दर्भिक एवं गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न औपचारिक, अनौपचारिक, बैकल्पिक र खुला शिक्षा प्रणाली अवलम्बन गर्ने ।
- साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेसा एवं व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आवद्ध गर्ने ।

- परम्परागत शिक्षाको मूलप्रवाहीकरण एवं वैकल्पिक र खुला शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्ने ।
- औपचारिक तथा अनौपचारिक रुपमा प्राप्त गरेको सीपको परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने ।

*अनौपचारिक, जीवन पर्यन्त, परम्परागत र खुला शिक्षा सम्बन्धी नीति तथा कार्यनीति*

- सबैका लागि अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न पहुँच र सहभागिता, सँस्थागत क्षमता र गुणस्तर अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गर्ने ।
- राष्ट्रिय पुस्तकालयहरूको क्षमता अभिवृद्धि गर्दै सामुदायिक पुस्तकालय र सामुदायिक सूचना केन्द्रलाई सामुदायिक सिकाइ केन्द्रसँग जोडेर सुदृढ सामुदायिक सिकाइ तथा स्रोत केन्द्रको रूपमा विकास गरी आजीवन सिकाइ र निरन्तर शिक्षाको केन्द्र बनाउने ।
- साक्षर नेपाल घोषणा गरी शिक्षित नेपाल बनाउनमा केन्द्रित आजीवन सिकाइका कार्यक्रमहरू सञ्चालन गरिने ।
- आजीवन सिकाइ तथा निरन्तर शिक्षाको लागि स्थानीय तहको प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी आवश्यकताअनुसार विस्तार तथा सुदृढीकरण गरिने ।
- अनौपचारिक, खुला र परम्परागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आवद्ध गरी औपचारिक विद्यालय शिक्षाको समकक्षी बनाउने ।

**पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)**

अनौपचारिक शिक्षाको सन्दर्भमा पन्ध्रौ योजनाले देहायका उद्देश्य, रणनीति र कार्यनीति अवलम्बन गरेको छ :

*उद्देश्य*

- सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्ने ।

*रणनीति*

- अनौपचारिक शिक्षा तथा बैकल्पिक सिकाइमार्फत् सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसंग आवद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्ने ।

*कार्यनीति*

- औपचारिक, अनौपचारिक र अरीतिक माध्यमबाट सिकाइ सुनिश्चित गर्ने गरी सिकाइका सबै विधि र मार्गहरु खुला गर्न राष्ट्रिय योग्यता प्रणाली (NQF) विकास गरी अनौपचारिक क्षेत्रमा विद्यमान सीपहरुको अभिलेखीकरण, सीप परीक्षण र प्रमाणीकरणका लागि कार्यविधि, प्रकृया र संयन्त्रहरु सुदृढ गरिने ।
- पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरी प्रदेश र स्थानीय तहमा आधारभूत सुविधा सहितको पुस्तकालय र विद्युतीय पुस्तकालय सेवा विस्तार गर्ने व्यवस्था मिलाइने ।

**दीगो विकासको लक्ष्य**

दीगो विकासको लक्ष्य संयुक्त राष्ट्र संघले अंगीकार गरेको लक्ष्य हो । यसमा नेपाल लगायत संसारका सबै मुलुकले आ-आफ्नो सहमति र प्रतिबद्धता जनाएका छन् र दीगो विकासको लक्ष्यअनुरुप विकास कार्यक्रम संचालन गर्न प्रतिबद्ध छन् ।

दीगो विकासको लक्ष्यमध्ये चौथो लक्ष्य (SDG Goal 4) देहाय अनुसार छ :

> समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका निम्ति आजीवन सिकाइको अवसर प्रदान गर्ने । (Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all).

नेपालले आउँदो सन् २०३० सम्म दीगो विकासको लक्ष्यअनुरुप विकास कार्यक्रम संचालन गर्ने योजना बनाएको छ र प्राथमिकता समेत तोकेको छ, जसमध्ये 'गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा पहुँच बढाउनु र सो तहको शिक्षाका लक्ष्य सफलतापूर्वक प्राप्त गर्नु पनि हो ।'

माथि उल्लेखित नीतिको संक्षिप्त स्वरुप निम्न लिखित रुपमा भन्न सकिन्छ :

- सबैका लागि आधारभूत शिक्षा सुनिश्चित गर्ने र सोका लागि औपचारिक, अनौपचारिक लगायत सबै किसिमका विधि र मार्ग उपयोग गर्ने ।
- शिक्षालाई आजीवन सिकाइ (lifelong learning) को रुपमा अघि बढाउने ।
- अनौपचारिक शिक्षालाई पनि औपचारिक शिक्षा सरह विकास गर्ने र सो सरह मान्यता दिने ।
- सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक र आजीवन सिकाइ तथा शैक्षिक सूचना केन्द्र र शैक्षिक थलो (Educationa Hub) को रुपमा विकसित गर्ने ।

**विचार, मंथन गर्नुपर्ने कुरा**

शिक्षाको प्रचलित नीति अनुसार स्थानीय गाँउ/नगरपालिकाले हाल के के कार्यहरु गर्दै छ ?

गाँउ/नगरपालिकाले आफ्नै के कस्ता शैक्षिक नीति तर्जुमा गरेको छ ?

# आधारभूत शिक्षा

विश्वव्यापी रुपमा आधारभूत शिक्षालाई नागरिकको मौलिक अधिकारका रूपमा स्वीकार र स्थापित गरिएको छ । नेपालको प्रचलित संविधानले पनि आधारभूत शिक्षालाई नागरिकको मौलिक हकका रूपमा स्थापना गर्दै आधारभूत शिक्षा सबैका लागि अनिवार्य र निःशुल्क हुनुपर्ने स्पष्ट गरेको छ । संविधानको भावनाअनुसार सबैका लागि आधारभूत शिक्षाको अवसर सुलभ गराउनु राज्यको दायित्व हो । तसर्थ सबै नागरिकका लागि आधारभूत शिक्षा व्यवस्थापन र संचालन गर्ने जिम्मा पाएका स्थानीय सरकार र त्यहाँ संलग्न पदाधिकारीहरूले आधारभूत शिक्षा र यसभित्रका यावत कुराहरूबारे स्पष्ट हुनु जरुरी छ ।

**आधारभूत शिक्षाको अवधारणा**

नेपालमा १ वर्षको पूर्वप्राथमिक शिक्षासहित कक्षा ८ सम्मको वा सो सरहको शिक्षालाई आधारभूत शिक्षा तोकिएको छ । ज्ञान, सीप तथा सामर्थ्यका दृष्टिले नेपाली र मातृभाषामा पढाइ, लेखाइ, गणितीय कार्यका सीप, स्वास्थ तथा सरसफाइ सीप, विज्ञानसम्मत चेतना विकास गराउने शिक्षालाई आधारभूत शिक्षा भनिन्छ । यस अर्थमा पढाइ, लेखाइ, गणितीय तथा साङ्ख्यिकीयता, साधारण किसिमका खोज, अनुसन्धानात्मक कार्य लगायतका विषयमा साक्षरता हासिल गराउने शिक्षा आधारभूत शिक्षाभित्र पर्दछ ।

**आधारभूत शिक्षाको दायरा वा क्षेत्र**

सामान्यतः आधारभूत शिक्षा (कक्षा १ देखि ८ सम्म) औपचारिक विद्यालयबाट प्राप्त हुन्छ । तर विद्यालय जाने उमेर पुगेका सबै बालबालिका वा व्यक्ति विभिन्न कारणले विद्यालय भर्ना हुन सक्दैनन् भने कतिपय विद्यालय शिक्षाको पहुँचभन्दा बाहिर रहन्छन् । कतिपयका लागि विद्यालय आकर्षक हुँदैन । विद्यालय शिक्षा प्राप्त नगरी वा विद्यालय भर्ना नभई कुनै व्यक्तिले अन्य सँस्था वा माध्यमबाट अपेक्षित स्तरमा पढाइ, लेखाइ, गणितीय सीप तथा साङ्ख्यिकीयता, विज्ञानसम्बन्धी ज्ञान प्राप्त गरेको भए उसले आधारभूत शिक्षा प्राप्त गरेको मान्नु पर्दछ । यसरी औपचारिक विद्यालय शिक्षाको संरचना बाहिर सञ्चालित सँस्थाहरुबाट अर्थात् अनौपचारिक शिक्षामार्फत् पनि आधारभूत शिक्षा प्राप्त गर्न सकिन्छ । तसर्थ आधारभूत शिक्षाको दायरा वा क्षेत्रभित्र निम्नानुसारका शैक्षिक कार्यक्रम पर्दछन् :

- पूर्व प्राथमिक वा प्रारम्भिक बालविकास शिक्षा कार्यक्रम
- कक्षा १ देखि ८ सम्मको औपचारिक विद्यालय शिक्षाकार्यक्रम
- कक्षा १ देखि ८ सरहको शिक्षा प्रदान गर्ने अनौपचारिक, वैकल्पिक वा खुला विद्यालय शिक्षा कार्यक्रम

यसबाहेक कुनै किसिमका शिक्षा नपाएका १५ वर्ष माथिका व्यक्तिहरुका लागि संचालित साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ कार्यक्रम पनि आधारभूत शिक्षाको दायरा वा क्षेत्रभित्र पर्दछ ।

**आधारभूत शिक्षाका लक्षित समूह**

- ३ देखि ५ वर्षका बालबालिका (पूर्व प्राथमिक कक्षा वा प्रारम्भिक वालविकास कार्यक्रम)
- ६ देखि १३ वर्षका बालबालिका (विद्यालय शिक्षा- औपचारिक कार्यक्रम)
- ८ देखि १४वर्षका विद्यालय बाहिर रहेका बालबालिका (कक्षा १-८ सरहको वैकल्पिक वा खुला विद्यालय शिक्षा कार्यक्रम)

- १५ वर्षदेखि माथिका विद्यालय शिक्षाबाट वञ्चित किशोर, युवा र प्रौढहरु : अर्थात् राष्ट्रिय योगयता प्रारुपले भने बमोजिम तह ३ सम्मका शैक्षिक कार्यक्रम अध्ययन गर्ने समूहहरु

**आधारभूत शिक्षा संचालनका प्रचलित प्रणाली**

६ देखि १३ वर्ष उमेर समूहका बालबालिका लागि कक्षा १ देखि ८ सम्मको शिक्षा प्रदान गर्ने विद्यमान प्रणाली औपचारिक शिक्षातर्फ निर्दिष्ट गरिएको छ भने १५ वर्षदेखि माथिका युवा, महिला तथा प्रौढहरु तथा सीमान्तीकृत, पिछडिएका, अल्पसंख्यक समुदायका व्यक्तिहरुका लागि आधारभूत शिक्षा प्रदान गर्ने अनौपचारिक प्रणाली विद्यमान छ। यी दुइ प्रणालीको स्वरुप देहाय अनुसार छ :

तालिका ५: आधारभूत शिक्षा प्रदान गर्ने प्रचलित प्रणालीको तुलना

| विवरण | औपचारिक प्रणाली | अनौपचारिक प्रणाली |
|---|---|---|
| शिक्षाको स्वरुप | विद्यालय शिक्षा कार्यक्रम | अनौपचारिक तथा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम<br>खुला विद्यालय शिक्षा कार्यक्रम |
| उद्देश्य | कक्षा र तह वृद्धि गर्ने | जीवनयापन सहज बनाउने (साक्षरता, सचेतना, कार्यमूलक र आय आर्जन सीप, सशक्तीकरण कार्यक्रम मार्फत्) |
| कार्यक्रम | विद्यालयीय शिक्षा | साक्षरता, निरन्तर शिक्षा, आजीवन/जीवनपर्यन्त सिकाइ |
| विद्यार्थी/सहभागी | विद्यालय भर्ना भएका/विद्यालय जान सक्ने | विद्यालय भर्ना नभएका/भर्ना हुन नसकेका निरक्षर, नवसाक्षर, साक्षर |
| पाठ्यक्रम | पूर्व निश्चित | छोटो, लचकदार |
| सिकाइ उपलब्धि | औपचारिक र अनौपचारिक दुबैको समान | |
| विशेषता | पढाइ मात्र | पढ्ने र काम पनि गर्ने |
| स्थान | विद्यालय, गुरुकुल/आश्रम<br>गुम्बा/विहार, मद्रसा | अनुकुल स्थान<br>सामुदायिक सिकाइ केन्द्र |
| समय | निश्चित समय (१०-४ बजेसम्म)<br>दैनिक ६ घण्टासम्म | सहभागीको फुर्सद/अनुकुलताको समय<br>दैनिक २-४ घण्टा |
| कार्यक्रम अवधि | पूर्व निर्धारित, निश्चित अवधि | कम अवधि |
| सामग्री | निश्चित, एकरुप, सरकार निर्मित | सहभागी र स्थान विशेषको आवश्यकताअनुरुप विविध |
| भौतिक आवश्यकता | धेरै, खर्चिलो | साधारण |
| लगानी/खर्च | अत्यधिक खर्चिला | अति न्यून, सामान्य |
| व्यवस्थापन | सरकार<br>निजी क्षेत्र | सरकार<br>सामुदायिक सिकाइ केन्द्र<br>सामाजिक संघसँस्था<br>गैरसरकारी सँस्था |

**विचार, मंथन गर्नुपर्ने कुरा**

गाँउ/नगरपालिकाले हाल के कस्तो व्यवस्था वा प्रणालीबाट आधारभूत शिक्षा प्रदान गर्दै छन् ?

गाँउ/नगरपालिकामा १३ वर्षसम्मका सबै बालबालिका लागि औपचारिक प्रणालीबाट मात्र आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्न सम्भव छ ?

**विचार, मंथन गर्नुपर्ने कुरा**

गाँउ/नगरपालिकाले हाल के कस्तो व्यक्ति, वर्ग र समूहका लागि आधारभूत अनौपचारिक शिक्षा प्रदान गर्दै छन् ?

गाँउ/नगरपालिकाले अनौपचारिक शिक्षा प्रदान गर्न के कस्तो सँस्थालाई परिचालन गर्दै छ ?

# अनौपचारिक शिक्षा

औपचारिक शिक्षाबाट वञ्चित, औपचारिक शिक्षा प्राप्त गर्न अवसर नपाएका र निरन्तर शिक्षाको अवसर प्राप्त गर्न इच्छुक नागरिकलाई प्रदान गरिने सम्पूर्ण शैक्षिक कार्यक्रमहरु अनौपचारिक शिक्षा कार्यक्रमभित्र पर्दछ । अनौपचारिक शिक्षा विषेश गरी १५ वर्षदेखि माथिका युवा, महिला तथा प्रौढहरु तथा सीमान्तीकृत, पिछडिएका, अल्पसंख्यक समुदायका व्यक्तिहरुका लागि साक्षरता एवं आधारभूत शिक्षा प्रदान गर्ने व्यवस्था हो । यो विशेषगरी व्यक्तिको जीवनपद्धतिसाग जोडिएको हुन्छ ।

**अनौपचारिक शिक्षा केन्द्रबाट सञ्चालित कार्यक्रमहरु**




**हाल देशमा संचालित अनौपचारिक शिक्षा कार्यक्रमहरु**

*साक्षरता अभियान*

साक्षरता अभियान कार्यक्रम व्यक्तिलाई साक्षर गर्ने कार्यक्रम हो । साधारण पढाइलेखाइ र हरहिसाव गर्न सक्ने बनाउनु यसको उद्देश्य हो ।

*निरन्तर शिक्षा*

यो प्रत्येक नागरिकले अनुकूल समयमा आफ्नो जीवनका लागि उपयोगी ज्ञान र सीप आर्जन गर्ने शैक्षणिक कार्यक्रम हो ।

*पारिवारिक साक्षरता कार्यक्रम*

पारिवारका अभिभावक र छोराछोरी सँगै बसेर एक आपसमा सिक्ने सिकाउने क्रियाकलाप पारिवारिक साक्षरता कार्यक्रम हो । छोराछोरीले बाबुआमा र अभिभावकलाई साक्षरता सीप सिकाउन सकछन् भने बाबुआमा वा अभिभावकले आफ्ना छोराछोरीलाई सँस्कार, मूल्य, मान्यता, पारिवारिक ज्ञान र सीप सिकाउने गर्छन् ।

*जीवनपर्यन्त शिक्षा*

यो प्रत्येक व्यक्तिले समय सापेक्ष रूपमा आएका नवीनतम ज्ञान, सीप आर्जन गरी र अभिवृत्ति विकास गरी दैनिक जीवनका लागि उपयोगी हुने व्यवहारिक ज्ञान र सीप अद्यावधिक गर्ने कार्यक्रम हो ।

*वैकल्पिक विद्यालय शिक्षा*

यो औपचारिक शिक्षाबाट वञ्चित अथवा वीचमै औपचारिक शिक्षा छाड्ने नागरिकलाई प्रदान गरिने औपचारिक शिक्षा सरहको समकक्षी शैक्षिक कार्यक्रम हो ।

*अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम (FSP)*

यो ८ देखि १४ वर्ष उमेर समूहका विद्यालय शिक्षाबाट वञ्चित वा बिचैमा कुनै कक्षाको पढाइ छाडेका बालबालिकाका लागि कक्षा १-५ को औपचारिक पढाइलाई तीन वर्षमा तीन तहका रूपमा पूरा गर्ने गरी तयार भएको कार्यक्रम हो ।

*अनौपचारिक बैकल्पिक विद्यालय कार्यक्रम*

यो कक्षा १-५ को पाठ्यक्रमलाई तीन वर्ष, ६-८ लाई दुइ वर्ष र ९-१० लाई एक वर्ष गरी जम्मा ६ वर्षमा एसइई परीक्षामा समावेश हुन सकिने कार्यक्रम हो ।

*खुला विद्यालय शिक्षा कार्यक्रम*

आधारभूततर्फ कक्षा ६-८ लाई दुइ वर्ष (दुइ तहमा) र कक्षा ९-१० लाई एक तहमा पूरा गर्ने गरी औपचारिक शिक्षाको पाठ्यक्रमलाई संश्लेशित गरी तयार गरेको यस कार्यक्रममा विविध कारणले विद्यालय शिक्षा पूरा गर्न नसकेका बालबालिका, युवा, महिलाको सहभागिता रहने कार्यक्रम हो । यसैगरी माध्यमिक तह (कक्षा १०-१२) लाई १ वर्षमा सक्ने गरी पाठ्यक्रम तथा पाठ्यपुस्तकको शंप्लेषित रुप प्रयोगमा ल्याइएको छ ।

**विचार, मंथन गर्नुपर्ने कुरा**

गाँउ/नगरपालिकामा हाल के कस्तो किसिमका अनौपचारिक शिक्षा संचालनमा छ ?

गाँउ/नगर शिक्षा समितिमा अनौपचारिक शिक्षामा कार्यरत व्यक्ति तथा संघसँस्थाको प्रतिनिधित्व छ कि छैन ?

गाँउ/नगरपालिकाले आफ्नो वार्षिक योजना, कार्यक्रम र बजेटमा अनौपचारिक शिक्षा समावेश गरेको छ कि छैन ?

# सामुदायिक सिकाइ केन्द्रको स्थिति र कार्य

सामुदायिक सिकाइ केन्द्र भन्नाले स्थानीय समुदायका मानिसहरू मिलेर आफ्नो आवश्यकता पूरा गर्न स्थानीय स्तरमै सञ्चालन हुने गरी व्यवस्थापन गरिएको स्वायत्त, स्वशासित, अविच्छिन्न उत्तराधिकारवाला नाफारहित सामाजिक संस्था हो (सामुदायिक सिकाइ केन्द निर्देशिका २०६२, (पहिलो संशोधन २०७०)।

## प्रचलित ऐन, नियम र मापदण्डमा भएको व्यवस्था

*शिक्षा (आठौं संशोधन) ऐन, २०७३ को दफा ११ठ१*

- नेपाल सरकारले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने छ।

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४*

- आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी यावत कार्य पालिकाले गर्ने।
- अनौपचारिक शिक्षा कार्यक्रम, सामुदायिक सिकाइ केन्द्रसम्बन्धी यावत कार्य वडाले गर्ने।

*सामुदायिक सिकाइ केन्द्रको संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८*

सिकाइ केन्द्रको स्थापना, व्यवस्थापन र संचालनका लागि नेपाल सरकारले मिति २०७८/३/२२ को मन्त्रीस्तरीय निर्णयबाट *सामुदायिक सिकाइ केन्द्रको संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८* जारी गरेको छ र सोही मापदण्डले सिकाइ केन्द्र संचालन सम्बन्धमा मार्गदर्शन गर्ने छ।

- सिकाइ केन्द्रको स्थापना, व्यवस्थापन र संचालनका लागि स्थानीय तहले सर्त, आधार र मापदण्ड निर्धारण गरी लागु गर्न सक्ने।
- स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थापित र संचालित सिकाइ केन्द्रको अनुगमन, मूल्याङ्कन, नियमन र निर्देशन गर्न सक्ने।

## सामुदायिक सिकाइ केन्द्रको वर्तमान अवस्था

- २०६४/०६५ देखि नगरपालिकाको हरेक वडामा र प्रत्येक गाविसमा सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने कार्यक्रम रहेको।
- हालसम्म २१५१ वटा सामुदायिक सिकाइ केन्द्र स्थापना भएको।
- शैक्षिक, सामाजिक, आर्थिक, साँस्कृतिक लगायत विभिन्न क्षेत्रमा सामुदायिक सिकाइ केन्द्रले कार्यक्रम सञ्चालन गर्ने गरेको।
- स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार सामुदायिक सिकाइ केन्द्र पालिका अन्तरगत रहेको।

## सामुदायिक सिकाइ केन्द्रका कार्यक्षेत्रहरु

- अनौपचारिक शिक्षा, साक्षरता, जीवनपर्यन्त सिकाइ
- सामाजिक विकास तथा सचेतना (कुरीति विरुद्ध जनचेतना.......)
- आर्थिक कार्य (आयआर्जन, सीप विकास, सहकारिता.......)

- नागरिक शिक्षा (मानव अधिकार, नागरिक अधिकार, बाल अधिकार, महिला अधिकार, कानुनी अधिकार र सचेतना कार्यक्रमहरु......)
- वातावरणीय गतिविधिहरु (जलवायु परिवर्तन, प्राकृतिक सम्पदा संरक्षण......)
- परम्परागत साँस्कृतिक सम्पदाहरुको जगेर्ना, आदि
- विपत व्यवस्थापनमा सहयोग
- वडास्तरमा एकीकृत सेवा संचालन
- मतदाता शिक्षा, जनगणना, महामारीजन्य रोग विरुद्ध सचेतना
- अभिभावक शिक्षा (प्रजजन स्वास्थ, मातृ तथा शिशु स्याहार, विद्यालय शिक्षा, दिवा खाजा.....)
- स्वास्थ तथा पोषण, योग, व्यायाम, ध्यान
- पुस्तकालय तथा सूचना केन्द्र सञ्चालन
- जेष्ठ नागरिक सेवा, सम्मान
- शैक्षिक सूचना उपलब्ध गराउने

**सामुदायिक सिकाइ केन्द्रको भावी दिशा**

गाउँ/नगरपालिकाले सामुदायिक सिकाइ केन्द्रलाई देहायको रुपमा विकास गर्ने :

- सामुदायिक सिकाइ केन्द्रको सँस्थागत सुदृढीकरण गर्ने ।
- सिकाइ केन्द्रको संस्थागत तथा संरचनागत क्षमता अभिवृद्धि गर्ने ।
- सिकाइ केन्द्रलाई आजीवन सिकाइ केन्द्रको थलोका रुपमा विकास गर्ने ।
- सिकाइ केन्द्रमार्फत् पुस्तकालय/वाचनालयको व्यवस्था, परम्परागत ज्ञान, सीप हस्तान्तरणको व्यवस्था, जीवनोपयोगी सीप सिक्ने अवसर, सूचना केन्द्रको रुपमा सेवा प्रवाह जस्ता कार्य गर्ने ।
- सिकाइ केन्द्रलाई एकीकृत सेवा प्रवाहको केन्द्रको रुपमा विकास गर्ने ।

माथि उल्लेखित कार्यहरु स्थानीय सरकार सञ्चालन ऐन अर्न्तगत स्थानीय तहको कार्यक्षेत्रभित्र नै पर्दछ ।

**विचार, मंथन गर्नुपर्ने कुरा**

गाँउ/नगरपालिकाले सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तारमा हाल के कस्तो कार्यहरु गर्दै छ ?

गाँउ/नगर शिक्षा समितिमा सामुदायिक सिकाइ केन्द्रको प्रतिनिधित्व छ कि छैन ?

गाँउ/नगरपालिकाले आफ्नो वार्षिक योजना, कार्यक्रम र बजेटमा सामुदायिक सिकाइ केन्द्रसम्बन्धी के कस्ता कार्यक्रम समावेश गरेको छ ?

# सामुदायिक सिकाइ केन्द्रको झलक



खुदावागर सामुदायिक सिकाइ केन्द्र, रुपन्देहीको तालिम कक्ष



तिलौराकोट सामुदायिक सिकाइ केन्द्र, कपिलवस्तुमा सिलाइ कटाइ कार्यक्रम




लुम्बिनी आर्दश सामुदायिक सिकाइ केन्द्रमा शिक्षा सचिवको अवलोकन भ्रमण




सामुदायिक सिकाइ केन्द्रमा संचालित पारिवारिक साक्षरता कार्यक्रमको झलक




एकला सामुदायिक सिकाइ केन्द्रमा कोभिड-१९ विरुद्ध सचेतना कार्यक्रमको झलक

# जापानमा सामुदायिक सिकाइ केन्द्र



The First Kominkan in Japan, 1946




Kominkan Network

Opportunities for self-development, culture-oriented programs, sport recreation, skill development courses for daily life and courses to learn about the local community in order to deepen understanding of it.



## अभिमुखीकरणका कुराहरुलाई अघि बढाउने संभावित क्रियाकलाप

**सामूहिक छलफल**

**साक्षरता, अनौपचारिक र आधारभूत शिक्षा तथा सामुदायिक सिकाइ केन्द्रको विकासका लागि गाउँ/नगरपालिकाले गर्न सक्ने संभाव्य कार्यहरुबारे**

**संभावित क्रियाकलाप**

१. आधारभूत शिक्षा निशुल्क र अनिवार्य छ र यो शिक्षा प्रदान गर्ने स्थानीय सरकारको अधिकार र दायित्वबार ेजानकारी गराउन पालिकामा जनप्रतिनिधि र कर्मचारीवीच तथा वडाहरुमा समेत छलफल चलाउने ।

२. आफ्नो क्षेत्रको जनसंख्या तथा शैक्षिक र सिकाइ केन्द्र सम्बन्धी सूचना, तथ्याङ्क र अभिलेख राख्ने र त्यसलाई अद्यावधिक गर्ने ।

३. देशको शिक्षा नीति तथा आफ्नो क्षेत्रको शैक्षिक सूचना र तथ्याङ्कलाई आधार बनाई नीति बनाउने ।

४. वडाहरुसँग वार्षिक योजना तथा कार्यक्रम माग गर्ने क्रममा साक्षरता, अनौपचारिक र आधारभूत शिक्षा र सामुदायिक सिकाइ केन्द्र सम्बन्धी योजना तथा कार्यक्रम समेत माग गर्ने ।

५. वडाहरुले वार्षिक योजना तथा कार्यक्रम निर्माण प्रक्रियामा सामुदायिक सिकाइ केन्द्रलाई पनि सम्मिलित गर्ने ।

६. वडाहरुल सामुदायिक सिकाइ केन्द्रसँग वार्षिक योजना तथा कार्यक्रममाग गर्ने ।

७. पालिकाले आफै योजना र कार्यक्रम बनाउने, यसका लागि शिक्षा समितिका पदाधिकारी र सदस्य, सिकाइ केन्द्रका पदाधिकारी, शिक्षा शाखाका कर्मचारी र स्थानीय विज्ञ समेत संलग्न गरी उप समिति गठन गर्ने ।

८. प्रत्येक वर्ष शिक्षा योजना कार्यान्वयन गर्न पालिकाले आफ्नो वार्षिक कार्यक्रम र बजेटमा ती योजना समावेश गर्ने र स्रोत तथा बजेट छुट्याउने ।

९. शिक्षा समितिको भूमिकालाई व्यापक बनाउन सो समितिमा अनौपचारिक शिक्षा र सिकाइ केन्द्र सम्बन्धी कार्य गर्ने निकाय वा सिकाइ केन्द्रका प्रतिनिधिलाई सदस्यको रुपमा मनोनयन गर्ने, समितिले साक्षरता, अनौपचारिक शिक्षा र सिकाइ केन्द्रबारे नियमित छलफल गर्ने र गोष्ठी, कार्यशाला, तालिम आदि संचालन गर्ने ।

१०. पालिकाले आफ्नै सँस्थागत क्षमता अभिवृद्धि गर्नेर त्यसका लागि देहायका कार्य गर्ने :

- देशको संविधान, प्रचलित नीति, शिक्षा (आठौं संशोधन) ऐन २०७३, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र सामुदायिक सिकाइ केन्द्रको संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ तथा गाउँ/नगरपालिकाको आफ्नै परिवेशलाई आधार बनाई नियम, कानुन, कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण र कार्यान्वयन गर्ने ।

- शिक्षा समिति तथा शिक्षा शाखालाई साधन स्रोतले सबल र सम्पन्न बनाउने ।
- शिक्षा योजना, कार्यक्रम र सिकाइ केन्द्रको निरन्तर अनुगमन, मूल्याङ्कन र समीक्षा गरी सुधार गर्ने, सो सम्बन्धमा प्रगति प्रतिवेदन निकाल्ने र छलफल गर्ने । यस्ता कार्यहरुका लागि शिक्षा समितिका सदस्य, शिक्षा शाखा काकर्मचारी तथा वडाहरु र जनप्रतिनिधिलाई समेत परिचालन गर्ने ।
- शिक्षा समितिका सदस्य तथा शिक्षा शाखाका पदाधिकारी र कर्मचारीका लागि तालिम, भ्रमणको व्यवस्था गर्ने ।

११. सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गर्दै यसको क्षमता अभिवृद्धि गर्न सघाउने र त्यसका लागि देहायको कार्य गर्ने :

- सामुदायिक सिकाइ केन्द्रलाई स्थानीय सूचना केन्द्रको रुपमा विकसित गर्न केन्द्रलाई स्रोत, साधन र सामग्री प्रदान गर्ने ।
- सिकाइ केन्द्रलाई शिक्षासँगै कृषि, स्वास्थ, पोषण, पशुस्वास्थ, महिला तथा बालबालिका विकास, पर्यटन जस्ता सामुदायिक विकासको कार्यमा संलग्न गराउने । यसका लागि पालिकाका विभिन्न शाखासँग सिकाइ केन्द्रको समन्वय गराउने ।
- सामुदायिक सिकाइ केन्द्रको अध्यक्ष तथा सदस्य र सामाजिक परिचालकको निम्ति अध्ययन, तालिम, भ्रमणको व्यवस्था गर्ने ।

**कार्यदल (Action Commmittee)गठन**

माथि उल्लेखित क्रियाकलापहरु कार्यान्वयन, निरीक्षण, अनुगमन र समीक्षा गर्नका लागि जनप्रतिनिधि, शिक्षा समितिका सदस्य र कर्मचारी समावेश गरी एउटा कार्यदल गठन गर्ने ।